# विपश्यना

साधकहरूका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४३ मंसीर २०५६ वर्ष १६ अङ्क ८


## धम्मवाणी

*जयन्तो बोधिया मूले सक्यानं नन्दि बड्ढनो ।*
*एवमेय जयो होतु जयस्तु जय मङ्गले ॥*

*पुब्बाव्ह सुत्त-१५*

**शाक्यहरूको नन्दिवर्धन भगवान गौतमले जसरी पापी मार माथि विजय प्राप्त गऱ्यो त्यसरी नै तिमी पनि विजयलाभी बन । मंगललाभी बन ।**

## धर्म महान छ ।

केही वर्ष पहिला एउटा विदेशी पत्रिकाले मेरो इन्टरब्यू ञापेको थियो । उनीहरूले सोधेको एउटा प्रश्नको उत्तरमा मैले भनेको थिएँ भगवान बुद्धको शिक्षाको असीम श्रद्धापूर्वक, यथाशक्ति पालन गरेर पनि म आफूलाई बौद्ध मान्दिन । त्यस्तै बैंककमा थाई सरकारको टी.वी. ले लिएको इन्टरब्यूको एउटा प्रश्नको उत्तरमा पनि भनेको थिएँ मैले कसैलाई पनि बौद्ध बनाएको छैन किनभने मैले बौद्ध धर्मको होइन, धर्मको प्रचार गर्छु । केही समय पहिला बर्माका साधकहरू विपश्यना सिक्नको लागि इगतपुरी आएका थिए उनीहरूले पनि यही प्रश्न गरे की तपाइँले कतिजनालाई बौद्ध बनाइसक्यो । मैले भनें एकजनालाई पनि बनाएको छैन । कसैलाई बौद्ध बनाउनको लागि विपश्यना सिकाइरहेको छैन । म त मानिसहरूलाई धार्मिक बनाउने प्रयास गर्छु । प्रेस, रेडियो, टी.वी. अथवा सार्वजनिक प्रवचनहरूमा मैले दिएको यस्तो वक्तव्यको कारण बर्मा, श्रीलंका थाइलैण्ड आदि देशमा अनेक भ्रान्ति फैलियो र बिरोध पनि गरियो । मेरो जन्म-भूमि बर्मामा त यो भ्रान्ति निक्कै फैलियो र विरोध अति नै भयो । त्यहाँका मेरा एकजना घनिष्ट मित्रले बिल हार्टले लेखेको अंग्रेजी भाषाको प्रसिद्ध पुस्तकको बर्मी अनुवाद गरेर स्थानीय लोकप्रिय मासिक पत्रिकामा क्रमशः छाप्दै थियो । उसले रिसाएर त्यो कार्य बीचमा नै रोकिदियो । यस कुरालाई लिएर त्यहाँ गम्भीर चर्चा पनि भयो । श्रीलंकाको विश्व विख्यात प्रकाशन संस्थाको मासिक बुलेटिनको सम्पादकले पनि त्यस्तै भन्यो । परन्तु मेरो आफ्नो मान्यतामा म दृढ रहें र आज पनि दृढ छुँ र जबसम्म त्यसमा कुनै दोष देख्दिन म तबसम्म दृढ रहनेछु । सौभाग्यले मेरो मान्यतालाई प्रमाणित गर्ने अवसरहरू पनि प्राप्त भए र त्यसको पनि राम्रै परिणाम निस्क्यो ।

दुई-तीन वर्ष पहिले बर्मी सरकारको धार्मिक मन्त्रालयले धर्म प्रवचन दिनको लागि मलाई बर्मामा आमन्त्रित गऱ्यो । त्यहाँ त मेरो बारेमा विरोध, भ्रान्तिले भरिएको वातावरण थियो । अर्को तर्फ बर्माबाट समूह-समूह गरेर इगतपुरीमा साधनाको लागि आउँदथ्यो । उनीहरू सबैले यहाँको कार्यको प्रशंसात्मक वर्णन गर्दथे । मेरो लागि अत्यन्त प्रसन्नताको अवसर थियो । मेरो लागि एक त लामो समय पश्चात आफ्नो जन्मभूमिमा जाने अवसर आएको थियो अतः प्रसन्न थिएँ अर्को तिर यो प्रवचनको आयोजना जुन ठाउँमा गरिएको थियो त्यो बर्माका भिक्षुहरूको प्रसिद्ध विश्व-विद्यालय थियो, त्यसैले पनि प्रसन्न थिएँ । त्यहाँ बर्माका मूर्धन्य विद्वान भिक्षुहरूको माझ बोल्नु पर्दथ्यो । अतः त्यहाँ फैलिएको भ्रान्ति-शंकाको समाधान गर्ने एउटा अत्यूतम शुभ-अवसर थियो ।

वास्तवमा त्यस्तै भयो । त्यहाँ त्यस्तै प्रश्न उठ्यो । बर्मामा भिक्षुहरूको दुईवटा विश्व विद्यालय थिए । एउटा रंगूनमा अर्को माण्डलेमा । ती दुबैमा मेरो प्रवचन थियो । ती प्रवचनमा र त्यसपछि भएको प्रश्नउत्तर कार्यक्रले त्यस शंका-भ्रान्तिलाई दूर गरेको स्पष्ट देखिन्थ्यो । सबै समझदार थिए अतः चाँडै नै कुरा बुझे र अत्यन्त प्रसन्न भए ।

यस्तै प्रकारले श्रीलंकाको सरकारले पनि कोलम्बोमा एउटा विपश्यना शिविर लगाउन आमन्त्रित गऱ्यो । त्यहाँ पनि सार्वजनिक प्रवचन भयो । त्यहाँका भिक्षु तथा गृहस्थहरू बीच एकान्तमा वार्तालाप गर्ने सु-अवसर पनि प्राप्त भयो । यसबाट त्यहाँको समस्या पनि समाधान भयो । थाइलैण्डबाट पनि एउटा शिविर राख्न निमन्त्रणा आयो । त्यहाँ पनि सार्वजनिक प्रवचन भयो । विद्वान भिक्षु र गृहस्थहरू बीच चर्चा भयो यसबाट शंका हट्यो ।

सबै ठाउँमा भन्ने कुरा त एउटै थियो– म भगवान बुद्ध प्रति त्यसैले आकर्षित भएको थिएँ कि उहाँले सबैलाई धार्मिक बनायो, साम्प्रदायिक होइन । सम्प्रदाय त मसँग थियो नै । म कट्टर सनातनी सम्प्रदायमा जन्मे र हुर्के । मैले उनको धर्म अपनाए तापनि मेरो

Downloaded from http://www.dhamma.digital

सम्प्रदाय बडल्नु पर्ने आवश्यकता थिएन । सम्प्रदाय बदल्नु पर्ने भए शायद यस कल्याणी विपश्यना विधाबाट अलग हुन्थे होला । परन्तु सौभाग्यले यस्तो गुरुदेवको सम्पर्कमा आएँ जस्ले मलाई धर्ममा दीक्षित गऱ्यो, सम्प्रदायमा होइन । भगवान बुद्धले पनि यही त गर्नुभएको थियो । उहाँले कुनै सम्प्रदाय स्थापित गरेको थिएन । मानिसहरूलाई शुद्ध धर्ममा दीक्षित गरेको थियो यस परम्परामा जति पनि आचार्यहरू भए उसले बुद्ध भएर बुद्धको नै प्रतिनिधित्व गर्दछ । अतः परम पूज्य गुरुदेव भगवान बुद्धको प्रतिनिधिको रूपमा बुद्धको वाणीलाई राम्ररी बुझ्दछ ।

भगवान बुद्धको समयमा धर्मको नाममा जुन बाहिरी आडम्बर चलेको थियो, खोक्रो कर्मकाण्डको बोलबाला थियो त्यस साम्प्रदायिक र कल्पनाजन्य दार्शनिक मान्यतामा फसेका मानिसहरूलाई शुद्ध धर्म दिएर त्यसबाट मुक्त गर्नु नै उनको कार्य थियो । धर्मको नाममा कसाईंले झैं वीभत्स हिंसा गरेर यज्ञ गरिन्थ्यो । धर्मको नाममा जात-पात वर्ण-गोत्रको अनीतिपूर्ण सामाजिक व्यवस्थाले समाजका निम्न वर्गलाई शोषण गरेर दीन-हीन, पीडित बन्न बाध्य गरेको थियो । धर्मको यो घिनलाग्दो स्वरूप एकदम अनर्थकारी थियो, अमंगलकारी थियो । यस स्वरूपलाई बदलेर कल्याणकारी शुद्ध स्वरूप पुनः स्थापित गर्नु नै यस महापुरुषको महान कार्य थियो ।

शुद्ध धर्मको यस्तो सार्वजनीक, सार्वदेशिक र सार्वकालिक सनातन स्वरूप प्रकाशित गऱ्यो जस्मा जात-पात र साम्प्रदायिकताको भेदभाव अलिकति पनि थिएन । वास्तवमा जुनसुकै सम्प्रदाय, गोत्र, वर्ग, जाति, वर्णका मानिसहरूले धारण गरे पनि मंगलकारी र फलदायी हुने त्यही शुद्ध धर्म हो, त्यही सत्य धर्म हो । ती हुन्–

(१) शील पालन अथवा सदाचारको जीवन जिउनु । शरीर र वाणीबाट हुने पाप कर्म, दुष्कर्म जस्तो हिंसा, चोरी, ब्यभिचार र मादक पदार्थ सेवन गर्ने कार्यबाट विरक्त रहनु र अन्य व्यक्तिहरूलाई सुख-शान्ति र स्वास्थ्यमा हानि नोक्सान हुने आजिविका नगर्नु ।

(२) समाधि अर्थात– सहज स्वाभाविक, सार्वजनीन स्वासको आलम्बनको आधारमा मनलाई बशमा पार्नु, यसप्रकार कुशलता संचित गर्नु ।

(३) प्रज्ञा अथवा स्वानुभूतिद्वारा प्राप्त ज्ञानमा स्थापित भएर मनको गहिराईमा निहित राग, द्वेष, मोह आदि विकारको सर्वथा निष्कासन गरेर विकार विमुक्त हुनु ।

जो व्यक्ति बुद्ध हुन्छ उसले धर्मका यी तीनै पक्षलाई व्याख्या गर्दछ । यही उसको शिक्षा हुन्छ, उसको शासन हुन्छ, उसको अनुशासन हुन्छ । गौतम नामको बुद्धको मात्र होइन सबै बुद्धको यही शिक्षा हुन्छ, यही अनुशासन हुन्छ । बुद्ध कुनै काल्पनिक अदृश्य शक्तिको कारणले भएको होइन । अनेक जन्मको पुण्य पारमिता संचय गर्दै तप तथा संयम गरेर कोही पनि व्यक्ति बोधि प्राप्त गरेर बुद्ध बन्न सक्छन् । यस संसारमा गौतमभन्दा पूर्व पनि अनेक अनगिन्ती बुद्ध जन्मे र उनको पश्चात पनि यस अनन्त भव संसरणमा कति बुद्ध जन्मन्छन् थाहाछैन । अनगिन्ती जन्ममा आफूले संचय गरेको पूण्य पारमिता परिश्रम पराक्रममा भरपर्दछ ।

जो बुद्ध बन्दछ उसले धर्मको नाममा चलेको सारा दुर्गन्ध खतम गरेर शुद्ध धर्म स्थापना गर्दछ । मानिसहरूलाई कुनै प्रकारको सम्प्रदायमा बाँध्दैन । केवल धर्मको नै उपदेश दिन्छ बौद्ध धर्मको होइन । सारा बुद्ध वाणीमा कहीं पनि बौद्ध शब्दको उल्लेख भएको छैन केवल धम्मिं (धर्मी), धम्मिको (धार्मिक), धम्मट्ठी (धर्मिष्ठ), धम्मचारी (धर्मचारी), धम्मविहारी (धर्मविहारी) आदि शब्दहरूको प्रयोग गरेको पाइन्छ । शायद बुद्धको पाँचसय वर्षसम्म कसैले आफूलाई बौद्ध भनेको थिएन होला ।

शील, समाधि र प्रज्ञाको धर्म सार्वजनीन छ । यो कुनै सम्प्रदायको धर्म होइन । यो सबैको लागि कल्याणकारी धर्म हो । कुनै जाति, गोत्र, सम्प्रदायका व्यक्तिले शील, समाधि र प्रज्ञाको शुद्ध धर्म धारण गरेर धर्मिष्ठ, धार्मिक, धर्मचारी, धर्मबिहारी बन्न सक्दछ । धार्मिक बने पछि भलादमी बन्दछ, मानव समाजको गौरव बन्दछ । यस्तो व्यक्तिले कलह बिग्रह हुने कुनै काम गर्दैन । सधैं मैत्री र सद्‌भावको जीवन जीउँछ ।

कोही बुद्ध बन्दछ त धर्म संस्थापना गर्दछ । मानिसहरूलाई धार्मिक बनाउँदछ, बौद्ध होइन । भगवानले भन्नुभएको छ –

**धम्मो हि सेट्ठो जनेतस्मिं ।**

जन-जनमा धर्म नै श्रेष्ठ छ अर्थात् धर्म नै महान छ, धर्म नै अग्र छ, धर्म नै धारण गर्न योग्य छ ।

आऊ ! साधकहरू, बिना कुनै सम्प्रदायिक मान्यतामा नफसेर शुद्ध धर्म नै धारण गर्न सिकौं । जात-पात, कर्मकाण्ड र साम्प्रदायिक जंजाल र दार्शनिक मान्यताको जालबाट मुक्त रहेर आफ्नो कल्याण गरौं, मंगल गरौं ।

(साभारः हिन्दी विपश्यना पत्रिका, फाल्गुन पूर्णिमा, १९९३) — कल्याण मित्र स.ना.गो.

## नेपालमा विपश्यना केन्द्र

१९३ औं ऐतिहासिक विपश्यना शिविर नेपालको काठमाडौंमा सफलतापूर्वक सम्पन्न भयो । पूज्य गुरुजी भारतमा आएदेखि शिविर संचालन गर्ने सिलसिला शुरू भयो । त्यस समयदेखि नै नेपालमा एउटा शिविर संचालन गर्ने माग भइरहेको थियो । नेपालका धेरै साधकहरू भारतमा आएर शिविर बसिसकेका थिए र त्यसबाट लाभान्वित भइसकेका थिए । उनीहरू सबैको

Downloaded from http://www.dhamma.digital

चाहना थियो कि भगवान गौतम बुद्धको जन्मभूमी नेपालमा विपश्यनाको शिविर अवश्य राख्नुपर्छ । परन्तु गुरुजी बर्मी नागरिक भएको कारण भारतभन्दा बाहिर जान मिल्दैनथ्यो । अत: करिब १२ वर्षपछि विपश्यना शिविर नेपालमा राख्ने सुयोग सम्भव भयो ।

शिविर राख्ने समय निश्चित भएदेखि नै बुकिंग गर्ने कार्य आरम्भ भयो । हुन त पहिला नै यस्तो होला भनेर सोचेको थियो । अत: व्यवस्थापकहरूले यो शिविरमा केवल नेपाली साधकहरूलाई मात्र स्थान दिने विदेशीहरूलाई नदिने भनेर निर्णय गरे । परन्तु यस सार्वजनीन मार्गमा यस्तो प्रतिबन्ध कसरी लगाउने । दुई-अढाईसय मानिसहरूको लागि शिविर लगाउने ठाउँको अभाव भइरहेको थियो । अन्तमा स्वयम्भूको नजीकै आनन्दकुटी विहारमा शिविर लगाउने निर्णय भयो, त्यहाँ केवल सयजनाको लागि मात्र राख्न सकिन्थ्यो । शिविरको मांग अनुसार विहार बनाउन थाल्यो । थोरै समयमा नै आवश्यक कोठाहरू र सौचालयको व्यवस्था गरियो । तैपनि १५० भन्दा बढी साधकहरू अटेन र बाँकि साधकहरूलाई फिर्ता पठाउनु पऱ्यो ।

यति धेरै साधकहरू फिर्ता पठाउनु परेकोले दुई पटक शिविर राख्ने आग्रह गऱ्यो जुन सम्भव थिएन । लामो समय पश्चात पूर्वाञ्चल क्षेत्रमा यही एउटा शिविर भएको थियो अत: भारतको बिहार तथा पश्चिम बंगालका भारतीयहरू पनि सम्मिलित हुन चाहन्थे, उनीहरूलाई आश्वासन पनि दिइसकेको थियो । उनीहरूले पनि विरगञ्ज या रक्सौलामा एउटा शिविर राख्ने आग्रह गर्न थाले । नेपालमा बसिरहेका बिदेशीहरूले पनि नेपालको शिविरको शुभ अवसरको लाभ उठाउन चाहन्थे । यसरी शिविरार्थीहरूको संख्या दिनपरदिन बृद्धि हुन्दै गयो । धेरैलाई ठाउँ छैन भनेर आवेदन फिर्ता दिए तापनि अन्तमा २५० जना मानिसहरू भेला भए । १५० को ठाउँमा २५० जना आउँदा व्यवस्थापकहरू कर्तब्य विमूढ थिए । करिब ७५ जना स्थानिय व्यक्तिहरूलाई स्थान अभाव भएको कारण फिर्ता गरिसकेको थियो । परन्तु टाढाबाट आएका धर्म प्रेमीहरूलाई फर्काउन पनि मिल्दैनथ्यो । स्थिति एकदम विचित्र थियो । भिरालो पहाडी जमीनमा पाल राख्ने पनि राम्रो व्यवस्था थिएन । तै पनि जसो-तसो निवासको लागि पाल राखियो र एउटा ठूलो पाल साधना-हलको लागि राखियो । यसरी २५० जना साधकहरूको लागि शिविर आरम्भ भयो ।

शिविरको दौरान धेरै पटक अप्रत्यासित रूपले वर्षा भयो तूफान चल्यो सामान्यत त्यस मौसममा यस्तो हुरी चल्दैनथ्यो । यस हुरीले साधकहरू र आचार्यको चकटी सबै भिजेको थियो । कहिले काहीं त सुत्ने कोठामा नै सामूहिक साधना गर्नु पऱ्यो । वर्षाको कारण जाडो पनि बढ्यो । साधकहरूलाई वर्षा र चिसोबाट बचाउन व्यवस्थापकहरूले भरसक प्रयत्न गरे तर समस्या रहिरह्यो । यी सबै बाधाहरू हुँदा हुँदै पनि साधक र व्यवस्थापहरूको सहनशीलता र कर्मठताको कारण शिविर अत्यन्त सफलतापूर्वक सम्पन्न भयो । साँच्चै धर्मको बल महान हुन्छ ।

यस्तो प्रतिकूल मौसम भए तापनि साँझको प्रवचन सुन्न प्रतिदिन लगभग ३०० जना स्थानीय व्यक्तिहरू आइरह्यो, भिजेको जमीनमा सुकुल ओछ्याएर सबै जना दत्तचित्तले धर्मप्रवचन सुनिरह्यो । शिविरमा ठाउँ नपाएका स्थानीय मानिसहरू पनि यसमा सहभागी हुन्थे । शिविरमा बस्न नपाएकोले उनीहरू निकै दु:खी थिए । सबैको चाहना थियो कि नेपालमा छिटो नै अर्को एउटा शिविर राख्ने जसबाट अधिकभन्दा अधिक धर्म-इच्छुकहरूले धर्मलाभ गर्न सकुन् ।

स्थानीय मानिसहरूको प्रबल धर्म अभिरूची देखेर शिविर समापनको अवसरमा पू. गुरुदेवको परामर्श अनुसार नेपालमा एउटा साधना केन्द्र स्थापना गर्ने निर्णय गरियो । यसको लागि पाँच सदस्सीय ट्रष्टको गठन भयो । यस ट्रष्टले जग्गा किन्ने र निर्माण गर्ने जिम्मा लियो । एघार सदस्यीय परामर्शदात्री समिति पनि गठन गरियो ।

(साभार: हिन्दी विपश्यना पत्रिका,
वैशाख पूर्णिमा, १९८१)

कल्याण मित्र
स.ना.गो.

---

**सामूहिक साधना र एक दिवसीय शिविरको जानकारी**

नारायणघाटमा निम्न स्थान र समयमा नियमित सामूहिक साधना र एक दिवसीय शिविर भइरहेको जानकारी गराउँदछौं ।

सामूहिक साधना :–

प्रत्येक शनिबार – विहान ८:००-९:३० सम्म
प्रत्येक सोमबार – दिउँसो २:३०-३:३० सम्म

एक दविसीय शिविर :–

महिनाको पहिलो शनिबार विहान ८:००-५:०० सम्म
महिनाको अन्तिम सोमबार विहान ८:००-५:०० सम्म

✪ आगामी पौष १-१२ गतेसम्म नारायणघाटको क्षेत्रपुरमा दश दिवसीय शिविर संचालन हुने भएको छ ।

---

## मतलबको कुरा गरौं

भदन्त आनन्द कौसल्यायनजीको विनम्र स्वभाव प्रसिद्ध छ । निर्मल विनम्र उही हुन्छ जसमा कटुता मिस्सिएको हुँदैन । मैले आनन्दजीको यस्तो स्वभाव पहिलेदेखि नै जानेको थिएँ । नासिकमा शिविर सक्किएपछि बम्बई जाने प्रोग्राम बन्यो आनन्दजीले आफू पनि साथमा जाने इच्छा प्रकट गरे । यस प्रोग्रामले म पनि खुसी थिएँ कि यो तीन-चार घण्टाको लामो यात्रा रमाइलो गरी कट्ने भयो । धर्म-चर्चाको साथ-साथै उनको विनोदी स्वभावले यात्रा सुखद पनि हुनेछ, साँच्चै त्यस्तै भयो । कुनै न कुनै धर्म प्रसंगवश आफ्नो जीवनमा घटेको एउटा रोचक घटना सुनाउँथ्यो र यसबाट धेरै बेरसम्म मन प्रफुल्लित भइरहन्थ्यो । यस्तै प्रसंगमा एउटा संस्मरण सुनाउँदै भन्यो– "धेरै पुरानो कुरो हो । कानपुरको एकजना ठूलो ब्यापारीको घरमा बसेको थिएँ । जो कट्टर आर्य समाजका ठूलो ईश्वरभक्त थिए । दिनहूँ विहान आफ्नो पसलमा काम गर्ने सबै कर्मचारीहरूलाई घरमा जम्मा गर्थ्यो । हवन, यज्ञ, मन्त्र-जप पाठ गरेपछि केही समय धर्मचर्चा गर्दथ्यो । यदि संयोगले बाहिरबाट कोही विद्वान आएको छ भने उनैको धर्म-प्रवचन हुन्थ्यो अन्यथा सैंठजी आफैं प्रवचन दिन्थ्यो । त्यसदिन मलाई धर्म-प्रवचन दिनको लागि भन्यो । त्यस समय म भरखरै

Downloaded from http://www.dhamma.digital

भिक्षु भएको थिएँ, त्यसैले मनमा एकदम जोश थियो । अत: ती ईश्वरवादिहरूका सामू ईश्वरको अस्तित्वको खण्डन गर्न मसंग भएको सारा तर्क मैले प्रयोग गरें । एकदम जोशले भरिएको लामो प्रवचन समाप्त भएपछि सेंठजीले दुईहात जोडेर भन्यो, "महाराज ! यी सबै त भयो, अब केही मतलबको कुरा गरौं, धर्मको बारेमा केही बताउनुस् न ।" आफ्नो संस्मरण सुनाउनु हुँदै आनन्दजी हाँस्नु भयो र भन्नुभयो त्यसदिन एकदमै शरम लाग्यो त्यस्तो कहिलै पछि भएन । मेरो सारा ज्ञान-गरिमा, सारा तर्क-कौशललाई सेठजीको एक वाक्यले निरर्थक साबित गरिदियो ।

साँच्चै धर्मको सार तर्कबाजीले कहाँ भ्याउँछ ? धर्मको क्षेत्रमा बुद्धिको उपयोग अत्यंत आवश्यक छ, अन्यथा धर्म अंध-श्रद्धा र मिथ्या दृष्टिको गढ बन्न जान्छ । परन्तु धर्मलाई केवल तर्कजन्य बुद्धिले दर्शनको रूप दियो भने पनि यो निष्प्राण हुन जान्छ । तर्कको माध्यमले ईश्वरको अस्तित्वलाई सिद्ध गर्नु मात्र पनि धर्म होइन । जहाँ धर्म छैन, त्यहाँ अर्थपूर्ण कुरा छैन, निरर्थक छ, सार छैन । जसमा कसैको हित-सुख छैन, कसैको मंगल-कल्याण छैन । कसैलाई केही प्राप्ति उपलब्धि छैन । ईश्वरवादिहरूको त्रैत, द्वैत, अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत वादिहरूका सगुण साकार, सगुण निराकार अथवा निर्गुण निराकार वादिहरूको पारस्परिक वादविवादमा फसेर के प्राप्त हुन्छ ? तर दार्शनिक विवाद बुद्धिको लडाईं हो जसमा जित्नेले आफ्नो अभिमानलाई अझ बढाउँछ हार्नेले आफ्नो अभिमानले मन जलाउँछ । दुवै नै विग्रह बढाउने कारण बन्दछ । विग्रहले कसैलाई केही लाभ हुँदैन, शान्ति हुँदैन । अत: यस बुद्धि-दिमागको अभ्यासलाई छोडेर मतलबको कुरा गरौं, सही धर्मको कुरा गरौं ।

एकजना रोगीले आफ्नो रोग के हो, त्यसको कारण के हो यस तथ्यलाई जानेर त्यसको सही कारण जानेर रोग निवारण गर्न सक्दछ । रोग निवारणको विधि जानेर रोग मुक्त बन्न सक्दछ । त्यस रोगी कला कौशलपूर्ण सरकस हेरेर थोरै समयको लागि आफ्नो रोग भूल्न मात्र सक्छ । परन्तु रोग निवारण त गर्न सक्दैन । यस्तै प्रकारले नाना प्रकारको दु:खले संतप्त प्राणी दार्शनिक वाद-विवादले दिमागी कसरत गर्ने खेल थोरै समयको लागि खेलेर चकित पार्न सक्छ परन्तु दु:खको निवारण त गर्न सक्दैन ।

# धर्म गाथा

## हिन्दी

पंथक भूला पंथ, जीवक है निष्प्राण ।
है बिडम्बना नाम की, लघु का नाम महान ॥

बौद्ध कहा कर क्या मिला, जगी न बोधि पुनीत ।
मुस्लिम कहलाये मगर, छुटी शान्ति की, रीत ॥

ब्राह्मण कहलाये मगर, करे न ब्रह्म विहार ।
नामों में है क्या पडा, शुद्ध धर्म ले धार ॥

धर्म धार मंगल सधे, होय अमंगल दूर ।
सदाचार की जिन्दगी, सुखद शान्ति भरपूर ॥

प्रज्ञा शील समाधि का, जीवन सुखमय होय ।
अपना भी होवे भला, भला जगत का होय ॥

हिन्दू हो या बौद्ध हो, मुश्लिम हो या जैन ।
धर्म धार सुख ही मिले, मिले अमित सुख चैन ॥

## हिन्दी

याद करूँ जब बुद्ध की, करूणा अमित अपार ।
तन मन पुलकित हो उठे, चित्त छाए आभार ॥

यही बुद्ध की वन्दना, यही बुद्ध सम्मान ।
बोधि जगाऊँ चित्त में, करूँ दूर अज्ञान ॥

शुद्ध बोधिका चित्त में, अंश मात्र जग जाय ।
तो अंतस कालरव धुंले, मन उजला हो जाय ॥

श्रद्धा जागी बुद्ध पर, चलुँ बोधि के पंथ ।
बोधि जगाऊँ स्वयं की, मंगल मिले अनंत ॥

श्रद्धा जागी धर्म पर, चलूँ धर्म के पंथ ।
सब पापोंका हनन कर, बनूँ स्वयं अरिहंत ॥

श्रद्धा जागी संत पर, बढुँ शान्ति के पंथ ।
शान्ति समाए चित्तमें, होय दु:खों अंत ॥

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा,**
वीरगंज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *२०५६ मंसीर*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक:* **न्यू नेपाल प्रेस**, अफिस फोन : २५९०३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

Downloaded from http://www.dhamma.digital